अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं

मिति: २०७६।०२।२४ गते

प्रेस विज्ञप्ति
विषय: घुस रकम सहित नियन्त्रणमा लिइएको ।

इलाका प्रहरी कार्यालय रन्यौरा, रूपन्देहीका प्रहरी निरीक्षक केशव बहादुर बस्नेतले ट्याक्टरबाट नियमानुसारको प्रक्रिया पुरा गरी गैडहवा गाउँपालिका अन्तर्गत नदिजन्य पदार्थ ढुवानी गरिरहेका सेवाग्राहीसँग पटक-पटक घुस/रिसवत माग गरी दुःख हैरानी दिएको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवलबाट खटिइ गएको टोलीले निज प्रहरी निरीक्षक केशव बहादुर बस्नेतलाई सेवाग्राहीसँग रू.१५,०००। -(पन्ध्र हजार) घुस बापतको रकम लिइसकेको अवस्थामा निजकै कार्यालय परिसरबाट मिति २०७६।०२।२३ गते रङ्गेहात नियन्त्रणमा लिई अनुसन्धान भैरहेको छ ।

(काली प्रसाद पराजुली)
सह-सचिव